नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

# खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका, २०८१

मुलुक भित्र तोकिएका जोन वा कम्पार्टमेन्ट वा सो वरिपरीको क्षेत्र वा अन्य स्थानमा खोरेत रोग उन्मूलन गरी खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्ने क्रममा खोरेत रोगको सर्भिलेन्स कार्य सञ्चालन गर्नको लागि सहजीकरण गर्न आवश्यक भएकोले जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८ को दफा ६ को उपदफा १ बमोजिम पशु सेवा विभागले यो प्राविधिक निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका २०८१" रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिबाट तोकिएको क्षेत्र वा अन्य स्थानमा लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "कम्पार्टमेन्ट" भन्नाले खोरेत रोगको उन्मूलन तथा खोरेतमुक्त अवस्था घोषणा गर्नको लागि कम्पार्टमेन्टलाइजेसनको प्रक्रिया अपनाई निर्धारण गरिएको पशुको फार्म वा बथानलाई सम्झनु पर्छ।

(ख) "कम्पार्टमेन्टलाइजेसन" भन्नाले अन्तर्राष्ट्रिय व्यापार प्रयोजनका लागि पशुपालनका असल अभ्यास तथा जैविक सुरक्षाका विधि अवलम्बन गराई मुलुक भित्रका कुनै स्थानमा खोरेत रोगको उन्मूलन तथा खोरेतमुक्त अवस्था घोषणा गर्नको लागि पहिचान गरिएको पशुको फार्म वा बथानमा खोरेत रोगको स्वास्थ्य स्थिति निश्चित गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ग) "खोरेत रोगको जोखिममा रहेका पशु" भन्नाले खोरेत रोग लाग्न सक्ने खुरफट्टा पशुलाई सम्झनु पर्छ।

(घ) "जोन" भन्नाले खोरेत रोगको उन्मूलन तथा खोरेतमुक्त अवस्था घोषणा गर्नको लागि जोनिङ्गको प्रक्रिया अपनाई मन्त्रालयले तोकेको चार किल्ला भित्रको क्षेत्रलाई सम्झनु पर्छ।

(ङ) "जोनिङ्ग" भन्नाले अन्तर्राष्ट्रिय व्यापार प्रयोजनका लागि मुलुकभित्र प्राकृतिक वा राजनीतिक वा कानूनी आधारमा रेखाङ्कित गरिएको कुनै भौगोलिक क्षेत्रमा खोरेत रोगको उन्मूलन तथा उक्त क्षेत्रलाई खोरेतमुक्त अवस्था घोषणा गर्नको लागि पशुमा खोरेत रोगको विशेषको स्वास्थ्य स्थिति निश्चित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

(च) "रिफरेन्स प्रयोगशाला" भन्नाले खोरेत तथा सीमाविहीन पशु रोग अन्वेषण प्रयोगशाला, बुढानिलकण्ठ, काठमाण्डौलाई सम्झनु पर्छ।

डा. उमेश दाहाल
महानिर्देशक